# विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११४ सँग सम्बन्धित)

**विधेयकको नामः** बैंक तथा वित्तीय संस्था सम्बन्धी (पहिलो संशोधन) विधेयक, **२०८०**

**प्रस्तुतकर्ताः** माननीय अर्थमन्त्री वर्षमान पुन

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार)ः**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| १. | मा. प्रेम सुवाल |
| २. | मा. दुर्गा राई |
| ३. | मा. देवेन्द्र पौडेल |
| ४. | मा. दुर्लभ थापा क्षेत्री, मा. रमा कोइराला पौड्याल, मा. प्रतिमा गौतम |
| ५. | मा. उदय शम्शेर जबरा |
| ६. | मा. राजेन्द्र कुमार के.सी., मा. सञ्जय कुमार गौतम, मा. देव प्रसाद तिमलसेना, मा. मैना कार्की, मा. रुपा बि.क. |
| ७. | मा. कृष्ण कुमार श्रेष्ठ, मा. मेकमणि चौधरी |
| ८. | मा. राजेन्द्र कुमार के.सी. |
| ९. | मा. प्रा.डा.चन्दा कार्की |
| १०. | मा. योगेन्द्र मण्डल |
| ११. | मा. रामनाथ अधिकारी |
| १२. | मा. राजेन्द्र बजगाई |
| १३. | मा. दिपा शर्मा |
| १४. | मा. दिपक खड्का |
| १५. | मा. सिता गुरुङ्ग |

| | |
|---|---|
| १६. | मा. मनिष झा |
| १७. | मा. लक्ष्मी तिवारी |
| १८. | मा. हरि ढकाल |
| १९. | मा. प्रतिमा गौतम, मा. कुसुम देवी थापा |
| २०. | मा. प्रदीप पौडेल |
| २१. | मा. सोबिता गौतम |

**<u>संशोधनको विवरणः</u>**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|
| १. | मा. प्रेम सुवाल | प्रस्तावना | **<u>प्रस्तावनामा देहाय बमोजिम थप गर्नु पर्नेः</u>**<br>“जसको हातमा अर्थतन्त्र हुन्छ, राजनीति उसैको हुने हुँदा राज्यको स्वामित्वमा मात्र बैङ्क तथा वित्तीय संस्था स्थापना र सञ्चालन गर्नु वाञ्छनीय भएकोले” थप्नु पर्ने । |
| २. | मा. प्रेम सुवाल | २ | **<u>उपदफा (१) र (६) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br>(१) मुल ऐनको दफा २ (च) को सट्टा 'राज्यको स्वामित्व' भन्नाले “राज्यको पूर्ण स्वामित्वमा सञ्चालन भएको बैङ्क तथा वित्तीय संस्था सम्झनु पर्छ” थप्नु पर्ने ।<br>(६) मूल ऐनको दफा २(६) मा “भन्नाले” पछि “घरेलु तथा साना उद्योगको लागि” थप्नु पर्ने ।<br>-मा 'कारोवार गर्ने' पछि 'सरकारीको पूर्ण स्वामित्वमा' थप्नु पर्ने , 'सम्झनुपर्छ' पछि'र देखि जनाउछ सम्म' हटाउनुपर्ने ।<br>खण्ड (त) मा 'भन्नाले' पछि 'सरकारले तोकेको' थप्नु पर्ने । |

| | | | |
|---|---|---|---|
| | | | (कझ) मा 'सम्झनुपर्छ' पछि'वा विदेशी संस्थाको देखि जनाउछ' सम्म हटाउनु पर्ने । |
| ३. | मा. देवेन्द्र पौडेल | २ | **<u>खण्ड (च), (थ१), (कञ) र (कन) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(च) संशोधन आवश्यक नभएको।<br><br>(थ१) "धितो" भन्नाले ऋणीले बैंक वा वित्तीय संस्थाबाट लिएको कर्जाको सुरक्षण वापत बैंकलाई उपलब्ध गराएको "चल, अचल वा मूर्त सम्पत्ति" सम्झनु पर्दछ।<br>(कञ) संशोधन आवश्यक नभएको।<br><br>(कन) "सम्बद्ध व्यक्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, पदाधिकारी वा निजको परिवारको एकल वा संयुक्तरुपमा कम्तिमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था वा फर्म, कम्पनी वा संस्थामा दश प्रतिशत शेयर स्वामित्व भएको अन्य फर्म, कम्पनी वा संस्था वा सोको हिताधिकारी एवम् राष्ट्र बैंकले तोकेको अन्य व्यक्ति फर्म सम्झनु पर्छ । (नोट: "संशोधन आवश्यक नभएको ।" भन्ने समेत प्रस्ताव) |
| ४. | मा. राजेन्द्र कुमार के.सी.,<br>मा. सञ्जय कुमार गौतम,<br>मा. देव प्रसाद तिमलसेना,<br>मा. मैना कार्की,<br>मा. रुपा बि.क. | २ | **<u>खण्ड (च) र (कन) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्लै वा अन्य व्यक्ति वा संस्थासँग मिलि संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सोभन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वको कारण बैंक वा वित्तीय संस्थाको व्यवस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनुपर्छ।<br><br>(कन) "सम्बद्ध व्यक्ति" भन्नाले बैंक वा वित्तीय संस्थाको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, पदाधिकारी वा निजको परिवारको एकल वा संयुक्तरुपमा कम्तिमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था वा फर्म, कम्पनी वा संस्थामा दश प्रतिशत शेयर स्वामित्व भएको अन्य फर्म, कम्पनी वा संस्था वा सोको हिताधिकारी एवम् राष्ट्र बैंकले तोकेको अन्य व्यक्ति फर्म सम्झनु पर्छ । |

| | | | |
|---|---|---|---|
| ५. | मा. कृष्ण कुमार श्रेष्ठ<br>मा. मेटमणि चौधरी | २ | **खण्ड (च) र (कझ) मा देहाय बमोजिम हुनु पर्नेः**<br><br>(च) “उल्लेख्य स्वामित्व” भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्नेअवस्था सम्झनु पर्छ ।<br><br>(कझ) वित्तीय संस्था भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ । |
| ६. | मा. राजेन्द्र कुमार के.सी. | २ | **उपदफा (कन) मा देहाय बमोजिम हुनु पर्नेः**<br><br>(कन) सम्बन्ध व्यक्तिको परिभाषा अत्यन्त बृहत भएकोले परिमार्जन गरिनु पर्ने। |
| ७. | मा. प्रा. डा. चन्दा कार्की | २ | **खण्ड (च) र (कझ) मा देहाय बमोजिम हुनु पर्नेः**<br><br>(च) “उल्लेख्य स्वामित्व” भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सोभन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्छ ।<br><br>(कझ) “वित्तीय संस्था” भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास |

| | | | |
|---|---|---|---|
| | | | बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ । |
| ८. | मा. रामनाथ अधिकारी | २ | **<u>खण्ड (च) र (कझ) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्छ ।<br><br>(कझ) वित्तीय संस्था भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ । |
| ९. | मा. राजेन्द्र बजगाई | २ | **<u>खण्ड (क) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(क) सम्बद्ध व्यक्तिको परिभाषा अत्यन्त बृहत भएकोले परिमार्जन गरिनु पर्ने। |
| १०. | मा. दिपा शर्मा | २ | **<u>खण्ड (च), (थ१), (कञ) र (कन) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्छ। (संशोधन आवश्यक नभएको) |

| | | | |
|---|---|---|---|
| | | | (थ१) "धितो" भन्नाले ऋणीले बैंक वा वित्तीय संस्थाबाट लिएको कर्जाको सुरक्षण वापत बैंकलाई उपलब्ध गराएको "चल, अचल वा मूर्त सम्पत्ति" सम्झनु पर्दछ।<br><br>(कञ) संशोधन आवश्यक नभएको।<br><br>(कन) "सम्बद्ध व्यक्ति" भन्नाले बैंक वा वित्तीय त सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, पदाधिकारी वा निजको परिवारको एकल वा संयुक्तरुपमा कम्तिमा दश प्रतिशत शेयर स्वामित्व भएको फर्म, कम्पनी वा संस्था वा फर्म, कम्पनी वा संस्थामा दश प्रतिशत शेयर स्वामित्व भएको अन्य फर्म, कम्पनी वा संस्था वा सोको हिताधिकारी एवम् राष्ट्र बैंकले तोकेको अन्य व्यक्ति फर्म सम्झनु पर्छ । |
| ११. | मा. दिपक खड्का | २ | **<u>खण्ड (च), कझ) र (कन) (मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(क) सम्बद्ध व्यक्तिको परिभाषा अत्यन्त बृहत भएकोले परिमार्जन गरिनु पर्ने।<br><br>(च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झनु पर्छ ।<br><br>(कझ) वित्तीय संस्था भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित संस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ । |
| १२. | मा. सिता गुरुङ्ग | २ | **<u>उपदफा (कन) मा देहाय बमोजिम हुनु पर्नेः</u>** |

| | | | |
|---|---|---|---|
| | | | (कन) सम्बन्ध व्यक्तिको परिभाषा अत्यन्त बृहत भएकोले परिमार्जन गरिनु पर्ने। |
| १३. | मा. मनिष झा | २ | **<u>खण्ड (च), (छ), (कझ), (कञ) र (कन) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br><br>(च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झन पर्छ ।<br><br>(ण) विधयेकको दफा २ (६) मा परिभाषित गरेको डिजिटल मुद्राको परिभाषा पुनः विचार गर्नु पर्ने।<br><br>"डिजिटल मुद्रा भन्नाले विनिमयको एक मोड हो जसको भौतिक वा ठोस आधार छैन र विशुद्ध रूपमा इलेक्ट्रोनिक रूपमा अवस्थित छ र यसले इलेक्ट्रोनिक पैसा समावेश गर्दैन। डिजिटल मुद्राको परिभाषा अन्तर्राष्ट्रिय लेखा मापदण्डले तोकेको परिभाषा अनुसार हुनु पर्छ।<br>(कझ) वित्तीय संस्था भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित सस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ ।<br><br>(कञ) विधयेकको दफा २ को उपदफा १३ खण्ड कञ मा उल्लेख भएको व्यक्तिको पछि "परिवारको प्रमुख सदस्य" थप्ने ।<br><br>(कन) 'सम्बद्ध व्यक्ति' को परिभाषा अत्यन्त बृहत भएकाले परिमार्जन गरिनु पर्ने। |
| १४. | मा. हरि ढकाल | २ | **<u>खण्ड (च), (कझ) र (कन) मा देहाय बमोजिम हुनु पर्ने:</u>** |

| | | | |
|---|---|---|---|
| | | | (च) "उल्लेख्य स्वामित्व" भन्नाले कुनै व्यक्ति वा संस्थाले एक्ले वा अन्य व्यक्ति वा संस्थासँग मिली संयुक्त रुपमा कुनै बैंक वा वित्तीय संस्थाको चुक्ता पूँजीको दुई प्रतिशत वा सो भन्दा बढी शेयर लिएको वा शेयर स्वामित्वका कारण बैंक तथा वित्तीय संस्थाको व्यस्थापनमा प्रभाव पार्न सक्ने अवस्था सम्झन पर्छ ।<br><br>(कझ) वित्तीय संस्था भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित सस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ ।<br><br>(कन) 'सम्बद्ध व्यक्ति' को परिभाषा अत्यन्त बृहत भएकाले परिमार्जन गरिनु पर्ने। |
| १५. | मा. लक्ष्मी तिवारी | २ | **<u>खण्ड (ण), (कझ) र (कन) मा देहाय बमोजिम हुनु पर्ने</u>**:<br><br>(ण) विधयेकको दफा २ (६) मा परिभाषित गरेको डिजिटल मुद्राको परिभाषा पुनःविचार गर्नु पर्ने। “डिजिटल मुद्रा” भन्नाले विनिमय को एक मोड हो जसको भौतिक वा ठोस आधार छैन र विशुद्ध रूपमा इलेक्ट्रोनिक रूप मा अवस्थित छ र यसले इलेक्ट्रोनिक पैसा समावेश गर्दैन। डिजिटल मुद्राको परिभाषा अन्तर्राष्ट्रिय लेखा मापदण्डले तोकेको परिभाषा अनुसार हुनु पर्छ।<br><br>(कझ) वित्तीय संस्था भन्नाले दफा ४९ को उपदफा (२) (३) र (४) बमोजिमको बैंकिङ तथा वित्तीय कारोबार गर्न संस्थापना भएको संगठित सस्था सम्झनु पर्छ र सो शब्दले विकास बैंक, वित्त बैंक, लघु वित्त संस्था वा विदेशी वित्तीय संस्थाको नेपालमा रहेको शाखा कार्यालय र नेपालमा स्थापित वित्तीय संस्थाको विदेशमा रहेको शाखा कार्यालय समेतलाई जनाउँछ ।<br><br>(कन) 'सम्बद्ध व्यक्ति' को परिभाषा अत्यन्त बृहत भएकाले परिमार्जन गरिनु पर्ने। |

| | | | |
|---|---|---|---|
| १६. | मा. प्रदीप पौडेल | २ | **<u>विधेयकको दफा २ को उपदफा (५) मा कार्यकारी प्रमुखको परिभाषा देहाय बमोजिम गर्नु पर्नेः</u>**<br><br>“कार्यकारी प्रमुख” भन्नाले बैंङ्क तथा वित्तिय संस्थाको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंङ्क तथा वित्तिय संस्थाको दैनिक कार्य संचालनको जिम्मेवारी पाएको प्रमुख कार्यकारी अधिकृत वा प्रबन्ध संचालक वा अन्य कुनै व्यक्ति सम्झनु पर्दछ।” |
| १७. | मा. सोबिता गौतम | २ | **<u>उपदफा (१०) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(१०) खण्ड (ह) मा रहेका "पूर्वाधार विकास बैङ्क र सोको शाखा कार्यालय समेतलाई जनाउँछ" भन्ने शब्दहरुको सट्टा "पूर्वाधार विकास बैङ्क, सोको शाखा कार्यालयलाई जनाउँछ" । |
| १८. | मा. डा.अमरेश कुमार सिंह | २ | **<u>खण्ड (कन) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br><br>(कन) सम्बद्ध व्यक्तिको परिभाषा अत्यन्त बृहत भएकोले परिमार्जन गरिनु पर्ने। |
| १९. | मा. प्रेम सुवाल | ३ | मूल ऐनको दफा ९ (७) पछि थपिएको (८) को सट्टा 'ऋणीलाई शेयर वितरण गरिने छैन' राख्नु पर्ने। |
| २०. | मा. प्रदीप पौडेल | ३ | **<u>मूल ऐनको दफा २ पछि देहाय बमोजिमको दफा ३ थप्न विधेयकको दफा २ पछि दफा ३ थप्नेः</u>**<br><br>“३. ऐन लागु हुने-(१) यस ऐन बमोजिम स्थापित बैंङ्क तथा वित्तिय संस्थाको प्रबन्ध-पत्र, नियमावली, संचालक समितिको निर्णय र बैंङ्क तथा वित्तिय संस्थाले सम्पन्न गर्ने कुनै पनि किसिमको सम्झौताको कुनै पनि प्रावधान यस ऐन सँग बाझिएमा वा यस ऐनको उद्देश्य विपरित भएमा त्यस्तो प्रवधान प्रारम्भ देखि बदर भई यस ऐन बमोजिम हुनेछ।” |
| २१. | मा. प्रेम सुवाल | ५ | **<u>उपदफा (२) र (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>** |

| | | | |
|---|---|---|---|
| | | | (१) मूल ऐनको दफा १४ (२) पछि थपिएको (२ क) मा 'महिला' अगाडि 'कामदार वर्गका' थप्नु पर्ने ।<br>(२) मा मूल ऐनको दफा १४ (३) मा 'कम्तीमा एक जना कामदार वर्गको महिला' थप्नु पर्ने । |
| २२. | मा. मनिष झा | ५ | **<u>उपदफा (१) र (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(१) बैंक तथा वित्तीय संस्थामा कम्तिमा ७ र बढीमा ९ जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ ।<br>(३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्ति मध्येबाट "कम्तीमा एक जना महिला सहित दुई जना" स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ । |
| २३. | मा. हरि ढकाल | ५ | **<u>उपदफा (१) र (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(१) बैंक तथा वित्तीय संस्थामा कम्तिमा ७ र बढीमा ९ जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ ।<br>(३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्ति मध्येबाट "कम्तीमा एक जना महिला सहित दुई जना" स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ । |
| २४. | मा. लक्ष्मी तिवारी | ५ | **<u>उपदफा (१) र (३) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br>(१) बैंक तथा वित्तीय संस्थामा कम्तिमा ७ र बढीमा ९ जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ । |

| | | | |
|---|---|---|---|
| | | | (३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्ति मध्येबाट "कम्तीमा एक जना महिला सहित दुई जना" स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ । |
| २५. | मा. प्रदीप पौडेल | ५ | विधेयकको दफा ५ को उपमा रहेको २दफा -*नियुक्ति गर्दा*' भन्ने शब्दहरुपछि "**महिला शेयरधनीहरु मध्येबाट**" भन्ने शब्दहरु थप्ने। |
| २६. | मा. सोबिता गौतम | ५ | **<u>उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(१) बैङ्क वा वित्तीय संस्थामा कम्तीमा ७ देखि बढीमा ११ जना सञ्चालकहरू रहेको एक सञ्चालक समिति रहनेछ। (मूल ऐनको दफा १४(१) मा संसोधन गर्नु पर्ने)<br><br>(२) (क) हटाइएको ।<br><br>**<u>उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट ५०% स्वतन्त्र सञ्चालक साधारण सभाबाट नियुक्ति गरिनेछ। जम्मा नियुक्त हुने स्वतन्त्र सञ्चालक मध्ये कम्तिमा ५०% महिला सञ्चालक साधारण सभाबाट नियुक्ति गरिनेछ। तर बैङ्क वा वित्तीय संस्थाको संस्थापक भन्दा बढी सेयर लिएको सेयर धनी तथा निजको परिवार स्वतन्त्र सञ्चालक हुन पाउने छैन। |
| २७. | मा. मनिष झा | ६ | **<u>उपदफा (१) र (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>सञ्चालकको पदावधिः |

| | | | |
|---|---|---|---|
| | | | (१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ। |
| २८. | मा. हरि ढकाल | ६ | **<u>उपदफा (१) र (२) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br><br>सञ्चालकको पदावधिः<br><br>(१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ। |
| २९. | मा. प्रदीप पौडेल | ६ | मुल ऐनको दफा १५ मा संशोधन गर्न विधेयकको दफा ६ मा प्रस्तावित दफा १५ को उपदफा - " मा रहेको २अर्को" भन्ने शब्दको अगाडी "**बढिमा**" भन्ने शब्द थप्ने। |
| ३०. | मा. मनिष झा | ७ | <u>सञ्चालकको योग्यता :</u><br><br>(१) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछः-<br><br>(क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा |

| | | | |
|---|---|---|---|
| | | | (ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br><br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको । |
| ३१. | मा. हरि ढकाल | ७ | सञ्चालकको योग्यता :<br><br>(१) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-<br><br>(क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा<br><br>(ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br><br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको । |
| ३२. | मा. प्रेम सुवाल | ८ | **उपदफा (३) मा देहाय बमोजिम हुनुपर्नेः**<br><br>(३) मा मूल ऐनको दफा १८ (१) ७ हटाउनुपर्ने । |
| ३३. | मा. मनिष झा | ८ | **उपदफा (१) को खण्ड (क) र (च१) मा देहाय बमोजिम हुनुपर्नेः**<br><br>(क) २५ वर्ष उमेर पुरा नभएको र ७५ वर्ष उमेर नाघेको<br><br>(च१) थप गर्नुपर्ने - उपोरक्त व्यवस्था नेपाल राष्ट्र बैंकले तोकेको समयावधि पश्चात हुनेछ । |

| | | | |
|---|---|---|---|
| | | | **<u>उपदफा (२) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br><br>(२) विधेयकको दफा ८ को उपदफा २ को खण्ड च १ मा उल्लेख गरेको "र निज को परिवार सम्बृद्धि कम्पनि वा संस्थाले " शब्दहरु झिक्ने |
| ३४. | मा. हरि ढकाल | ८ | **<u>उपदफा (१) खण्ड (च१) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br><br>(च१) थप गर्नुपर्ने - उपरोक्त व्यवस्था नेपाल राष्ट्र बैंकले तोकेको समयावधि पश्चात हुनेछ । |
| ३५. | मा. लक्ष्मी तिवारी | ८ | **<u>उपदफा (१) को खण्ड (क) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br><br>(क) २५ वर्ष उमेर पुरा नभएको र ७५ वर्ष उमेर नाघेको ।<br><br>**<u>उपदफा (२) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br><br>(२) विधेयकको दफा ८ को उपदफा (२) को खण्ड (च १) मा उल्लेख गरेको "र निजको परिवार सम्बृद्धि कम्पनि वा संस्थाले " शब्दहरु झिक्ने । |
| ३६. | मा. प्रतिमा गौतम<br>मा. कुसुमदेवी थापा | ८ | **<u>उपदफा (२) खण्ड (क) मा देहाय बमोजिम हुनु पर्ने:</u>**<br><br>(क) संसोधन विधेयकका मार्फत, मुल विधेयकमा भएको खण्ड (च) पछी थप गरिएको खण्ड (च१) हटाउने । |
| ३७. | मा. प्रदीप पौडेल | ८ | **<u>मुल ऐनको दफा १८ लाई संशोधन गर्ने विधेयकको दफा ८ को उप-दफा (३) पछि देहाय बमोजिमको उपदफा (४) थप्ने:</u>**<br><br>"खण्ड (ठ) पछि दहायको खण्ड (ड) थपि त्यस पछिको खण्डहरुको खण्डक्रम मिलाउने- |

| | | | |
|---|---|---|---|
| | | | (ड) खण्ड (ठ) मा उल्लेखित कुसरहरुको अभियोग लागि नेपालको अदालतहरुमा सो सम्बन्धि मुद्दा विचाराधिन नभएको” |
| ३८. | मा. सोबिता गौतम | ८ | **<u>उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>( च१) यो ऐन जारी भएको ३ वर्ष पछि लागु गरिनेछ। |
| ३९. | मा. उदय शम्शेर जबरा | ९ | **<u>उपदफा (४) मा देहाय बमोजिम  हुनु पर्नेः</u>**<br><br>हाल प्रस्तावित संसोधनलाई अझै प्रस्ट पार्न तथा नेपालको पुजी निर्माणमा सहयोग पुर्याउन, तथा सन्चालक समुहलाई आफ्नो लगानीको रकम अन्य कुनै प्रायोजनको लागि उपायोग गर्न दिन आवश्यक भएको हुनाले उक्त उपदफाको सट्टा देहाय बमोजिमको उपदफा रख्नु पर्ने।<br><br>(४) यस संसोधन लागु हुँदाको मितिमा सन्चालनमा रहेको बैंक तथा वित्तिय संस्थाको संस्थापक शेयर समुहको ५१ प्रतिशत शेयरलाई समेत राष्ट्र बैंकको प्रकृया पुरा गरी साधारण शेयरमा परिवर्तन गर्न सकिनेछ। यो व्यवस्था लागु भएको मितिपछि सन्चालनमा आउने बैंक तथा वित्तिय संस्थाले भने सन्चालनमा आएको अवधिको पाँच बर्षपछि मात्रै सन्चालक समुहको शेयरलाई साधारण शेयरमा परिवर्तन गर्न पाउनेछन् । |
| ४०. | मा. योगेन्द्र मण्डल | ९ | **<u>उपदफा (७) पछि देहाय बमोजिमको उपदफा (८) थप्नु पर्ने</u> :**<br><br>(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि "घ" वर्गको वित्तिय संस्थाले उपदफा (१) बमोजिम सर्वसाधरणलाई बिक्री वितरण गर्नको लागि छुट्टयाइएको शेयर, हकप्रद र अन्य शेयरलाई शतप्रतिशत मानी त्यस्तो शेयरमध्येबाट कम्तीमा चालीस प्रतिशतसम्म शेयर आफ्ना ऋणी सदस्यको लागि छुट्टयाउनु पर्नेछ। |
| ४१. | मा. प्रदीप पौडेल | १० | **<u>मुल ऐनको दफा २१ लाई संशोधन गर्ने विधेयकको दफा १० मा देहाय बमोजिम थपि मुल ऐनको</u>** |

| | | | |
|---|---|---|---|
| | | | **<u>दफा २१ को उप-दफा (६) पछि उप-दफा (७) थप्नेः</u>**<br>“(७) संचालक समितिको बैठकमा कुनै संचालकले विद्युतिय मध्यमबाट समेत भाग लिन सक्नेछ र विद्युतिय माध्यबाट कुनै संचालकले संचालक समितिको बैठकमा भाग लिएमा सो कुरा निर्णय पुस्तिकामा समेत उल्लेख गर्नु पर्नेछ।" |
| ४२. | मा. कृष्ण कुमार श्रेष्ठ<br>मा. मेटमणि चौधरी | १४ | **<u>उपदफा (१) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>**<u>संचालक समितिको गठनः</u>**<br>बैंक तथा वित्तीय संस्थामा कम्तिमा ७ र बढीमा ९ जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ । |
| ४३. | मा. राजेन्द्र कुमार के.सी. | १४ | **<u>उपदफा (३) मा देहाय बमोजिम हुन पर्नेः</u>**<br>(३) संचालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा दुई जना स्वतन्त्र संचालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्तिपछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ। |
| ४४. | मा. प्रा.डा.चन्दा कार्की | १४ | **<u>उपदफा (१) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br>**संचालक समितिको गठनः**<br>बैंक तथा वित्तीय संस्थामा **कम्तिमा ७ र बढीमा ९ जना** सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ । |
| ४५. | मा. योगेन्द्र मण्डल | १४ | **<u>उपदफा (३) पछि देहायको उपदफा (४) थप्नु पर्ने</u>**<br>(४) ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिम सञ्चालक नियुक्त "घ" वर्गको वित्तिय संस्थाको हकमा एक जना स्वतन्त्र र एक जना संस्थाको महिला ऋणी शेयर सदस्य सहित दुई जना संचालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्तिपछि बस्ने पहिलो साधारण सभाले दिनु पर्नेछ। साथै ऋणी सदस्यलाई संचालक हुन शैक्षिक योग्यताले वाधा गर्ने छैन । |

| | | | |
|---|---|---|---|
| ४६. | मा. रामनाथ अधिकारी | १४ | **<u>उपदफा (१) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br><br>**संचालक समितिको गठनः**<br>बैंक तथा वित्तीय संस्थामा **कम्तिमा ७ र बढीमा ९ जना** सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ । |
| ४७. | मा. राजेन्द्र बजगाई | १४ | **<u>उपदफा (३) मा देहाय बमोजिम हुनुपर्नेः</u>**<br>सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा दुई जना स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जनाकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनु पर्नेछ। |
| ४८. | मा. दिपक खड्का | १४ | **<u>उपदफा (१) र (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>**(१) संचालक समितिको गठनः**<br>बैंक तथा वित्तीय संस्थामा **कम्तिमा ७ र बढीमा ९ जना** सञ्चालकहरु रहेको एक सञ्चालक समिति रहनेछ ।<br>(३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा दुई जना स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्ति पछि बस्ने पहिलो साधारण सभामा दिनुपर्नेछ। |
| ४९. | मा. सिता गुरुङ्ग | १४ | **<u>उपदफा (३) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br><br>(३) सञ्चालक समितिले दफा १७ बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिमध्येबाट कम्तीमा दुई जना स्वतन्त्र सञ्चालक नियुक्ति गरी सोको जानकारी त्यस्तो नियुक्तिपछि बस्ने पहिलो साधारण |

| | | | |
|---|---|---|---|
| | | | सभामा दिनु पर्नेछ। |
| ५०. | मा. दुर्गा राई | १५ | - बढिमा चार वर्षको हुनेछ- भन्नेमा बढिमा ३ वर्षको हुनेछ।<br><br>- संचालक आफ्नो पदावधि समाप्त भएपछि अर्को एक अवधिको लागि संचालक पदमा पुनः नियुक्त हुन सक्नेछ।<br><br><u>सक्नेछ- पछि थप गर्नुपर्नेः</u><br><br>"जम्मा २ पदावधि मात्र संचालक समितिमा रहन पाउने" भनेर किटान गर्नु पर्छ। |
| ५१. | मा. दुर्लभ थापा क्षेत्री, मा. रमा कोइराला पौड्याल, मा. प्रतिमा गौतम | १५ | **<u>मूल ऐनको दफा १५ मा संशोधन गर्न प्रस्ताव गरिएकोमा देहाय बमोजिमको व्यवस्था साविक वमोजिम नै कायम राख्नु पर्नेः</u>**<br><br>**<u>साविकको व्यवस्थाः</u>**<br><br>**<u>१५. सञ्चालकको पदावधिः</u>**<br><br>(१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br><br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।<br><br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ।<br><br>**<u>विधेयक संशोधनका लागि प्रस्तावित व्यवस्थाः</u>**<br><br><u>१५. सञ्चालकको पदावधिः</u> |

| | | | |
|---|---|---|---|
| | | | (१) सञ्चालकको पदावधि नियमावलीमा व्यवस्था भए बमोजिम बढीमा चार वर्षको हुनेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चालक आफ्नो पदावधि समाप्त भएपछि अर्को एक अवधिको लागि सञ्चालक पदमा पुनः नियुक्त हुन सक्नेछ ।<br>तर स्वतन्त्र सञ्चालक पुनः नियुक्त हुन सक्ने छैन । |
| ५२. | मा. उदय शम्शेर जबरा | १५ | **<u>उपदफा (२) मा देहाय बमोजिम हुनु पर्नेः</u>**<br>(२) उक्त व्यवस्थाले कम्पनीको सर्वमान्य सिद्धान्त अनुरुप शेयरधनीहरुले साधारण सभाबाट कम्पनीमा आफनो प्रतिनिधि चयन गर्न पाउने अधिकारलाई कुण्ठित गरेको हुन जाने। बैंक, वित्तीय संस्था जस्तो सर्वसाधारण समेतबाट निक्षेप संकलन गरी निक्षेपकर्ताको हकहित संरक्षण गर्नु पर्ने दायित्व बोकेको संस्थामा योग्य, दक्ष, अनुभवी, विज्ञ र परिपक्व एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ब्यवसायिक ज्ञान भएका व्यक्ति संचालक हुन उपयुक्त हुने हुँदा संचालकको पदावधि सम्बन्धमा हालको व्यवस्था नै उपयुक्त हुने। |
| ५३. | मा. कृष्ण कुमार श्रेष्ठ<br>मा. मेटमणि चौधरी | १५ | <u>सञ्चालकको पदावधिः</u><br>(१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । |
| ५४. | मा. प्रा.डा.चन्दा कार्की | १५ | <u>सञ्चालकको पदावधिः</u> |

| | | | |
|---|---|---|---|
| | | | (१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । |
| ५५. | मा. रामनाथ अधिकारी | १५ | <u>सञ्चालकको पदावधिः</u><br>(१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । |
| ५६. | मा. दिपक खड्का | १५ | <u>सञ्चालकको पदावधिः</u><br>(१) सञ्चालकको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा चार वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ ।<br>तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।<br>(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नियुक्त भएको कार्यकारी अध्यक्ष वा प्रबन्ध संचालक लगातार दुई कार्यकालसम्म मात्र रहन सक्नेछ । |
| ५७. | मा. दुर्गा राई | १६ | **<u>संचालकको योग्यतामा थप गर्नुपर्नेः</u>** |

| | | | |
|---|---|---|---|
| | | | "आर्थिक लेनदेनमा बिवादमा नपरेको हुनुपर्ने" |
| ५८. | मा. कृष्ण कुमार श्रेष्ठ<br>मा. मेटमणि चौधरी | १६ | <u>सञ्चालकको योग्यता:</u><br><br>(१) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछः-<br>(क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा<br>(ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको। |
| ५९. | मा. प्रा.डा.चन्दा कार्की | १६ | <u>सञ्चालकको योग्यता:</u><br><br>सञ्चालकको न्यूनतम शैक्षिक योग्यता स्नातक हुनुपर्ने प्रस्तावित व्यवस्था उपयुक्त देखिन्छ किनभने बैंकिङ एक प्राविधिक विषय हो र यो व्यवस्थाले बैंकहरुको ओभरसाइटलाई सुदृढ बनाउँछ । |
| ६०. | मा. रामनाथ अधिकारी | १६ | <u>सञ्चालकको योग्यता:</u><br><br>(१) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछः-<br>(क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा |

| | | | |
|---|---|---|---|
| | | | (ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको। |
| ६१. | मा. दिपक खड्का | १६ | <u>सञ्चालकको योग्यताः</u><br>(२) सञ्चालकको पदमा नियुक्ति हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनुपर्नेछः-<br>(क) विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको, वा<br>(ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको संचालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन वर्ष काम गरेको, वा<br>(ग) तोकिए बमोजिम सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको। |
| ६२. | मा. मनिष झा | १६ | यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही "ग" वर्गको वित्तीय संस्थाले उपदफा (१) को खण्ड (क) (ख) (च) (ज) (ञ) (ट) (ढ) (त) (द) (न) (प) (भ) र (म१) मा उल्लेखित बैंकिङ तथा वित्तीय कारोबारका अतिरिक्त देहाय बमोजिमको अन्य बैंकिङ तथा वित्तीय कारोबार समेत गर्न सक्नेछ । |
| ६३. | मा. हरि ढकाल | १६ | यो ऐन, प्रबन्धपत्र र नियमावली तथा राष्ट्र बैंकले तोकेको सीमा, शर्त वा निर्देशनको अधीनमा रही "ग" वर्गको वित्तीय संस्थाले उपदफा (१) को खण्ड (क) (ख) (च) (ज) (ञ) (ट) (ढ) (त) (द) (न) (प) (भ) र (म१) मा उल्लेखित बैंकिङ तथा वित्तीय कारोबारका अतिरिक्त देहाय बमोजिमको अन्य बैंकिङ तथा वित्तीय कारोबार समेत गर्न सक्नेछ । |

| | | | |
|---|---|---|---|
| ६४. | मा. प्रेम सुवाल | १७ | मूल ऐनको दफा ४९ (क) थपिएकोमा 'सक्नेछ' पछि 'डिजिटल बैङ्कि·को लागि आवश्यक प्रविधि र प्राविधिक तयार गर्न बैङ्क तथा वित्तीय संस्थाले कूल नाफाको २० प्रतिशत नेपालका इन्जिनिरिङ्ग कलेजहरूलाई अध्ययन र अनुसन्धान गर्न अनुदान दिनेछ' थप्नु पर्ने । |
| ६५. | मा. प्रदीप पौडेल | १७ | **विधेयकले डिजिटल बैंकको परिकल्पना गरी बैङ्क परिभाषा भित्र डिजिटल बैंकलाई समेटेको हुदाँ देहाय बमोजिम गर्नु पर्नेः**<br><br>(१) मुल ऐनमा बैङ्कलाई अनुमति प्रदान गर्ने प्रवधान डिजिटल बैंङ्कलाई समेत ध्यानमा राखी संसोधन गर्नु पर्ने।<br><br>(२) डिजिटल बैङ्कको करोबार कस्तो हुने स्पष्ट पर्नु पर्ने। |
| ६६. | मा. देवेन्द्र पौडेल | १८ | **उपदफा (१) को खण्ड (क) र (च१) मा देहाय बमोजिम हुनु पर्नेः**<br><br>(क) पच्चीस वर्ष पुरा भएको।<br>(च१) संशोधन आवश्यक नभएको । |
| ६७. | मा. राजेन्द्र कुमार के.सी.,<br>मा. सञ्जय कुमार गौतम,<br>मा. देव प्रसाद तिमलसेना,<br>मा. मैना कार्की,<br>मा. रुपा बि.क. | १८ | **उपदफा (१) को खण्ड (च१) मा देहाय बमोजिम हुनुपर्नेः**<br><br>(च१) संशोधन आवश्यक नभएको । |
